सुनापति गाउँकार्यपालिकाको बैठक संख्या ०४
आ.व २०८१/०८२
मिति २०८१ कार्तिक ०५ गते सोमवार
समय: बिहान १०:०० बजे
स्थान: सुनापति गाउँपालिका

आज मिति २०८१ कार्तिक ०५ गते सोमवार दिन यस सुनापति गाउँपालिकाका अध्यक्ष श्री ठुलो कान्छा तामाङज्यूको अध्यक्षतामा यस सुनापति गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमको निर्णय गरियो ।

उपस्थिति:

| | | |
|---|---|---|
| १. | श्री ठुलो कान्छा तामाङ | अध्यक्ष |
| २. | श्री गीता विष्ट | उपाध्यक्ष |
| ३. | श्री ध्रुव प्रसाद चौलागाई | सदस्य |
| ४. | श्री पदम बहादुर थापा | सदस्य |
| ५. | श्री कुल बहादुर थिङ | सदस्य |
| ६. | श्री डन्डुप लामा | सदस्य |
| ७. | श्री चित्र बहादुर मानन्धर | सदस्य |
| ८. | श्री रीता कामि धमला | सदस्य |
| ९. | श्री अविना लामा | सदस्य |
| १०. | श्री सुनमाया तामाङ | सदस्य |
| ११. | श्री हरि माया श्रेष्ठ | सदस्य |
| १२. | श्री टासी लामा | सदस्य |
| १३. | श्री मिन कुमार खाती | सदस्य |
| १४. | श्री सुरेश कुमार श्रेष्ठ | सचिव |

अन्य उपस्थिति:

१५.श्री कर्ण बहादुर वि.क. (विपत फोकल पर्सन)
१६.श्री रन्जिता तामाङ (प्रशासन शाखा प्रमुख)
१७ श्री श्रीराम ढुंगाना (अध्यक्षज्यूको सचिवालय)



सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु :

१ गत बैठकको समिक्षा सम्बन्धमा ।

२ विपद व्यवस्थापन सम्बन्धमा ।

३. O &M सभे सम्बन्धमा ।

४. सुनापति प्रज्ञा प्रतिष्ठान सम्बन्धमा

५. बोलपत्र आह्वान सम्बन्धमा।

६. विविध सम्बन्धमा

निर्णयहरु :

निर्णय नं.१: प्रस्ताव न. १ माथि विस्तृत छलफल गर्दा यस सुनापति गाउं कार्यपालिकाको गत बैठकमा भएका निर्णयहरु क्रमशः कार्यान्वयन गर्ने निर्णय सहितको समिक्षा गरियो ।

निर्णय नं.२: प्रस्ताव नं २ माथि विस्तृत छलफल गर्दा मिति २०८१ असोज १० गते देखि १२ गते सम्म परेको अविरल वर्षाको कारण उत्पन्न विपद व्यवस्थापनको लागि देहायको निर्णय गरियो ।

देहाय:

क) वडा कार्यालयबाट पालिकामा पेश भएको तथ्याङ्कको आधारमा क्षतिपूर्तिका लागि सम्वन्धित निकायहरुमा पेश गर्ने ।

ख) विपद्को कारण बसोवास गर्न जोखिममा परेका बस्तिको लागि वडा कार्यालयको उपस्थितिमा स्थानीय प्रहरी सहितको सर्जमिन मुचुल्का, प्राविधिक प्रतिवेदन सहित तयार गरी विपद् व्यवस्थापन समिति मार्फत जोखिममा परेको बस्ती पहिचान गरी सुरक्षित आवासको लागि सुरक्षित बस्तीको विकास गर्ने प्रकृयामा जाने ।

ग) उक्त अविरल वर्षाको कारण घर भत्किएर बसोबास गर्न घरवार विहिन भएका, पशु चौपायामा क्षेति भएका, बाढी पहिरोको कारण खेतबारीमा क्षेति भई अन्नवाली समेत नष्ट भई दैनिक क्रियाकलापमा समेत कठिनाई भएको विपद् पीडितहरु तथा विपद् प्रभावित घर परिवार वडा स्थित समितिबाट पहिचान गरी पालिकामा पेश भएपछि सुनापति विपद व्यवस्थापन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ अनुसार आवश्यकता अनुसार राहत प्रदान गर्ने, अस्थायी आवास निर्माणको लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणमा पेश गर्ने र देहाय अनुसारको जिन्सी सामाग्री राहत स्वरुप प्रदान गर्ने ।

देहाय:

१) जस्तापाता:- सादा ४२ के.जी. प्रति बण्डलवाला ६ फुटे जस्तापाता तपसिलको मापदण्ड अनुसार दिने ।



सुरेश कुमार श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत